# आ.व. २०८०।०८१ को

# नीति तथा कार्यक्रम

स्वामीकार्तिक खापर गाउँपालिका

बाजुरा जिल्ला

सुदूरपश्चिम प्रदेश, नेपाल

२०८०

**यस सम्मानित गाउँसभाका सदस्यज्यूहरु तथा अन्य उपस्थित सम्पूर्ण अतिथि महानुभावहरु,**

आज मिति २०८० असार १० गतेका दिन यस स्वामीकार्तिक खापर गाउँपालिकाको गरिमामय दोस्रो गाउँसभाको १२ औं अधिवेशनमा आ.व. २०८०।०८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महसुस गरेको छु। गाउँपालिकाको यस विशेष अवसरमा यहाँहरु सम्पूर्ण सभाका सदस्य ज्यू लगायत अन्य उपस्थित महानुभावलाई हार्दिक स्वागत गर्दछु । देशमा विभिन्न समयमा भएका परिवर्तन तथा विभिन्न आन्दोलनहरुमा संलग्न भई हालको संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था बहाली गर्ने अहम भूमिका खेल्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जाली अर्पण गर्दछु ।यस स्वामीकार्तिक खापर गाउँपालिकाको समग्र विकासमा आफ्नो अमूल्य योगदान पुर्याउनु हुने सम्पूर्ण आदरणीय अग्रजहरुलाई यस गरिमामय सभाबाट स्मरण गर्न चाहन्छु ।साथै वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पूर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु।

आ.व. २०८०।८१ को नीति तथा कार्यक्रम यस सम्मानित सभामा पेश गर्दै गर्दा स्वामीकार्तिक खापर गाउँपालिकाको आधारभूत विकास सुधार र समृद्धिका लागि नेपालको संविधान संघ, प्रदेश र स्थानीय कानुनद्वारा प्रदत्त हक अधिकारको प्रचलन गर्ने तथा कानुनतः निर्देशित काम, कर्तव्य र स्थानीय तहले सम्पादन गर्नुपर्ने काम कारवाही र बहन गर्नुपर्ने दायित्त्व निर्वाह गर्न हामी सदा तत्पर र प्रतिवद्ध रहेको कुरा स्पस्ट गर्न चाहन्छु ।

सेवा ग्राहीले सहज र शुलभ तवरबाट सेवा प्राप्त गर्ने संवैधानिक तथा कानुनी हक अधिकारलाई सुनिश्चित गर्न सूचना प्रविधिको प्रयोग र भौतिक जनशक्तिको उचित व्वस्थापन गर्न आवश्यक देखिएको छ ।

शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशिलता सामाजिक विकास, भौतिक पूर्वाधार विकास, युवा तथा खेलकुद, खानेपानी तथा सरसफाई, न्यायिक निरुपण, विपद व्वस्थापन , मानव अधिकार प्रवर्द्धन गर्ने जस्ता जनसरोकारका विषय वस्तुलाई आ.व. २०८०।०८१ को नीति तथा कार्यक्रममा समेट्ने अधिक प्रयत्न गरिएको छ ।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दिगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी स्वामीकार्तिक बासीको लक्ष्य हाँसिल गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिने छ ।

गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, विपदबाट प्राभावित पिडितहरुलाई व्यवस्थापन गर्ने, स्वच्छ र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध बस्ती विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

## (क) विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, आदि )

विश्वका केहि शक्तिशाली देशहरुविच भएको युद्ध अशान्ती र नेपालमा भएको विद्यमान राजनितिक अस्थिरताका कारण सम्पूर्ण देशको अर्थतन्त्रमा गिरावट आएको अवस्था र नेपाल जस्तो अल्पविकसित रोग, भोक, अनिकाल गरिबि तथा प्राकृतिक प्रकोपको उच्च जोखिममा रहेको देशमा उपलब्ध सिमित स्रोत साधान र असिमित आवश्यकता पुरा गर्न चुनौति रहेको छ ।

अर्को तर्फ स्वामीकार्तिक खापर गाउपालिकाले चालु आ.व. २०७९।०८० मा लिएका नीति तथा लक्ष्यहरु अनुरुप सम्पुर्ण रुपमा सफलता प्राप्त गर्न सकिएको अवस्था छैन यसको मुख्य कारण गत असोज महिनामा आएको अविरल वर्षा र बाढि पहिरोका कारण हाम्रो वार्षिक लक्ष्य बमोजिम गर्नु पर्ने कामकाजहरुलाई प्रभावित पारेको छ ।वार्षिक बजेटको ठुलो रकम विपद व्यवस्थापन कार्यमा खर्च भएको अवस्था छ ।

आगामी आ.व. २०८०।०८१ का लागि संघीय सरकार प्रदेश सरकारबाट प्राप्त वित्तीय अनुदान समेत घटेर आएको तथा स्थानीय तहको आफ्नो राजश्व क्षमता पनि बलियो नभएको साथै प्राकृतिक प्रकोपको दृष्टिले उच्च जोखिममा रहेको स्वामीकार्तिक खापर गाउँपालिकामा आगामी वर्ष मा पनि प्रभाव पार्ने निश्चित जस्तै छ । तसर्थ यस्ता प्राकृतिक प्रकोपको सामना गर्नु हाम्रो मुख्य चुनौती रहेता पनि आ.व २०८०।०८१ को नीति तथा कार्यक्रमलाई समग्र विषय क्षेत्र समेट्ने प्रयास गरिएको छ ।

नेपाल अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिदै गर्दा हरेक दिन करिब हजारौ युवाहरू रोजगारीको खोजीमा विदेशिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर बनाएको छ । यसको प्रभाव हाम्रो गाउँपालिकामा समेत परेको छ । आन्तरिक र वाह्य बसाइँ सराइका कारण हाम्रा गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन।उब्जाउ खेत वारी बाँझो हुन पुगेकाछन । यस सन्दर्भमा युवालाइ गाउँपालिका भित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाइँसराइँ लाई रोक्ने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनरुत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध स्वामीकार्तिक खापर गाउँपालिकाको मुल लक्ष्य हासील गर्नु हाम्रो लागि मुल चुनौती रहेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका श्रोतहरू पहिचान गरि उत्पादन र रोजगारि सँग जोड दिनु पर्ने अवस्था सिर्जना भएकोछ । संघीय र

प्रादेशिक योजनाको व्यवस्थाका कारणले पनि हामीले हाम्रो न्यून आर्थिक स्रोतका वावजुत धेरै कार्य गर्नुपर्ने चुनौती रहेको छ ।यस गाउँपालिकामा आन्तरिक आर्थिक श्रोत न्युन हुनु , बाह्य श्रोत कम हुनु , पालिकाको कठिन भौगोलिक अबस्था तथा प्राकृतिक प्रकोप र विपद व्यवस्थापनका बावजुत न्यून आर्थिक श्रोतले गाउँपालिकाका समग्र जनताका इच्छा आकांक्षा एवं भौतिक पुर्वाधारहरूको निर्माण कार्य पुरा गर्नु मुख्य चुनौती रहेको छ ।

प्राकृतिक प्रकोप र भौगोलिक चुनौतीका वावजुत यस गाउँपालिकाले सेवा प्रवाहलाई थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्यछ । यसका लागि गाउँपालिकामा बिद्युतीय सुशासन प्रणालीलाई सेवा प्रवाहमा ब्यापक र प्रभावकारी बनाउनु पर्ने अवस्था देखिन्छ ।

## (ख) विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

**विद्यमान अवसरहरूः**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छन्

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भई २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानुन तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु।
६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित हुनु ।
७. पर्याप्त मात्रामा बहुमूल्य जडिवुटीको सम्भावना, फलफुल खेति, पर्यटकीय तथा धार्मिक स्थल र प्राकृतिक स्रोत हुनु ।

**विद्यमान चुनौतीहरूः**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छन्

१. प्राकृतिक प्रकोप र भौगोलिक वनावटको चुनौती ।
२. युवालाई विदेश पलाएन हुन वाट रोकी जीविकोपार्जन कार्यमा आकर्षित बनाउनु ।
३. रोजगार उन्मुख तथा सीपमूलक शिक्षाको विकास गर्नु ।
४. व्यावसायिक कृषकको संख्या वृद्धि गरी युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
५. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु।
६. स्रोत अभावका कारण निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।

७. भिरालो ठाउँ, बाढी पहिरो तथा नदी कटान लगायतका प्राकृतिक प्रकोपको उच्च जोखिम हुनु ।
८. भौगोलिक जटिलताका कारण सञ्चार तथा सुचना प्रविधि सेवा प्रभावकारी र व्यवस्थित गर्न नसकिनु।
९. प्राकृतिक प्रकोपका कारण नदीजन्य कटान रोक्नु ।
१०. प्राकृतिक प्रकोप तथा विपदवाट प्रभावित वस्तिहरूलाई वस्ति स्थानान्तरण गर्नु ।

**(ग) नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू (संविधान, प्रचलित कानुनी ब्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय नीति, योजना र लक्ष्य एवम् अनुभव तथा सिकाइ आदि)**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

पन्ध्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएको छ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघ संस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिनेछ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी बनाइनेछ । यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पुँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिनेछ।
यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ ।

## (घ) चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण भौतिक उपलब्धि

१. स्वामीकार्तिक खापर गाउँपालिकामा यस आर्थिक बर्षमा ४ km ट्र्याक खोलिएको छ । ।बर्षातका कारण क्षति भएका करिव ४० किमि सडक मर्मत र सुधार गरिएको छ ।

२. गाउँपालिकाका सवै वडामा सडकको पहुँच पुगेको छ।

३. गाउँपालिकालाई सडक सञ्जाल सँग जोड्न कर्णाली नदीमा फेरि संचालनमा रहेको छ ।

४. गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाई विस्तार गर्ने क्रम जारी छ ।

५. प्राकृतिक प्रकोप र वाढीपहिरो वाट क्षती भएका सिँचाई कुलोहरु यसै आ व भित्र सम्पन्न हुने गरि निर्माणाधिन अवस्थामा रहेका छन ।

६. गाउँपालिकामा रहेको १० शैय्याको अस्पताल निर्माणाधिन अवस्थामा रहेको छ।

७. गाउँपालिकामा ७ वटा विद्यालयका २४ कोठा पक्की भवन निर्माण भएका छन् ।

८. कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोगको थालनी भएको छ ।

९. विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेको छ ।

१०. युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेल प्रशिक्षक नियुक्ती गरि खेलकुद कार्यक्रम अगाडी बढाईएको छ।

११. कक्षा १० को नतिजामा सुधार ल्याउन अतिरिक्त कक्षा संचालन ल्याइएका छन ।

१२. माध्यामिक शिक्षा(१-१२) सम्म निःशुल्क पठनपाठन हुने व्यवस्था गरिएको छ ।

१३. यस पालिकामा कक्षा १ देखि ८ सम्मको स्वामीकार्तिक दर्पण (स्थानीय पाठ्यक्रम) यसै शैक्षिक सत्रबाट कार्यान्वयनमा ल्याइएको छ ।

१४. यस पालिकालाई पूर्ण खोपयुक्त र साक्षरता घोषणा गरिएको छ ।

१५. गाउँपालिका भरि ११० घरधुरि खर मुक्त भएको, पुन निर्माणको लागि २१ घरको अन्तिम भुक्तानि हुने चरणमा रहेको र ८५ घरधुरिको पहिलो किस्ता निकासा हुने अवस्थामा रहेको छ ।

१६. रैथाने बाली प्रवर्द्धन तथा बजारीकरण कार्यक्रम GIZ/Grape परियोजना सँगको सहकार्यमा संचालनमा ल्याईएको छ ।

१७. स्याउ नर्सरी (फर्मको) स्थापना गरिएको छ।

१८. यसै आर्थिक वर्षबाट नुन तथा चामल विक्री केन्द्र स्थापना गरी सेवा बिस्तार गरिएको छ ।

१९. योगदानमा आधारित कृषि पेन्सन कार्यक्रमलाई सफलता पूर्वक संचालन गरिएको छ ।

२०. गाउँपालिकाको कार्यालयमा नागरिक सेवाका लागि हेल्पडेक्स (नागरिक सहायता कक्ष) स्थापना गरिएको छ ।

२१. सोलार स्टोर स्थापना भएको छ ।

२२. रोजगारी सृजना गर्न गाउँपालिका भित्र रहेको श्रम शक्तिको लागत तयार गरी बिभिन्न सिपमूलक तालिम सञ्चालन गरिएको छ ।

२३. विपदमा परेका १२५० व्यक्तिहरुलाई राहत सामाग्री वितरण गरिएको छ ।

२४. गाउँपालिकाले ३५ वटा ऐन, ७ नियमावली, ६६ कार्यविधि, र ११ निर्देशिकाहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।

२५. यस गाउँपालिकाले गत आ.व. २०७८।०७९ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ५७.५ अंक प्राप्त गरेको छ ।साथै चालु आ.वको को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन आगामी आ.व २०८०।०८१ को पुस मसान्त भित्र प्रकाशित गरिनेछ ।

२६. राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरित राजश्व स्रोतको दायरामा वृद्धि भएको छ ।जस अनुसार चालु आ.व. मा रु. १० लाख ७० हजार राजश्व संकलन भएको छ ।

२७. प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गर्नका लागि मेलमिलाप कर्तालाई प्रो पब्लिक को सहयोग तथा समन्वयमा मेलमिलाप सम्बन्धी ४८ घन्टे तालिम संचालन गरियो ।

## (ङ) आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू

सभा सदस्य ज्यूहरु,
अब म आ. व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

### १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

#### क. शिक्षा

१. गाउँपालिकाको **स्वामीकार्तिक दर्पण (स्थानीय पाठ्यक्रम**) को पाठ्यक्रम प्रकाशन गरि पाठ्यपुस्तक निर्माण गरी विद्यालयमा लागु गरिनेछ ।

२. विद्यालय बाहिर रहेका र बिचमै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।

३. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभूत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

४. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

५. "**उत्कृष्ट शैक्षिक गन्तव्य गाउँपालिका हाम्रो पहिचान**" भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिनेछ।

६. विद्यार्थीहरुको ज्ञान, सिप, क्षमता अभिबृद्धिका लागि शैक्षिक भम्रण व्यवस्था गर्ने नीति लिईनेछ ।

७. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

८. **शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन** पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थपान, शैक्षिक पात्रो ब्यवस्थापन, अद्यावधिक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS) लागु गर्ने नीति अवलम्बन गरिनेछ।

९. **'एक मा.वि. एक करेसाबारी'** कार्यक्रम लागु गर्ने नीति कार्यान्वयन गर्दै लगिने छ साथै **'विद्यालय हरियाली'** कार्यक्रम लागु गरिनेछ ।

१०. गाउँपालिका अन्तर्गतका माध्यामिक विद्यालयमा भौतिक संरचनाको सुरक्षाको लागि चौकीदारको व्यवस्था गरिनेछ ।

११. गाउँपालिकाका सामुदायिक विद्यालयहरुको प्रधानाध्यापकका लागि शिक्षा ऐन २०२८ शिक्षा नियमावलि २०५९ (संशोधन सहित) मा व्यवस्था भए अनुसार तहगत शैक्षिक योग्यता अनिवार्य लागु गरिनेछ ।

१२. सामुदायीक विद्यालयबाट SEE र १२ कक्षामा उत्कृष्ट विद्यार्थिलाई छात्रवृतिको व्यवस्था गरिने छ ।

१३. कर्तव्य निष्ठ, इमान्दार र नियमित शिक्षक र उत्कृष्ट विद्यालयलाई पुरस्कृत र प्रोत्साहन गरिने छ ।

१४. उत्कृष्ट दलित छात्र छात्रालाई छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

१५. शैक्षिक क्षेत्रका समस्या समाधानका साथै शैक्षिक गुणस्तरमा देखिएका समस्या समाधानका लागि जनप्रतिनिधिलाई प्रत्यक्ष रुपमा जिम्मेवार बनाउनका लागि विद्यालयमा जनप्रतिनिधि कार्यक्रम संचालन गरिनेछ ।शैक्षिक क्षेत्रमा थप उपलब्धी हाँसिल गर्न बेला बेलामा आवश्यक अनुगमन कार्यलाई निरन्तरता दिईनेछ ।

**ख. स्वास्थ्य**

१. गाउँपालिकाको निर्माणाधिन १० शैयाको अस्पतालको भवन पुर्ण रुपमा सम्पन्न नहुन्जेल सम्म यस गाउँपालिकाको केन्द्रमा यसै आर्थिक वर्षमा पालिका स्तरीय अस्पताल संचालनमा ल्याइनेछ ।

२. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र प्रथामिक उपचारको प्रबन्ध मिलाइने छ साथै संघीय कार्यविधि अनुसार मासिक वृत्ति रकम उपलब्ध गराइनेछ ।

३. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परीक्षण गर्ने व्यवस्था मिलाइने छ।

४. आर्थिक रुपमा अति विपन्न गाउँपालिकाका जेष्ठ नागरिक, असक्त, अपाङ्ग र सुत्केरीको स्वास्थ जाँच र उपचारको लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवाको प्रबन्ध मिलाइने छ।

५. आर्थिक रुपमा विपन्न र दीर्घरोगी नागरिकलाई निःशुल्क औषधी उपचार खर्च व्यवस्था गरिनेछ ।

६. महिला स्वास्थ्य स्वयंसेविकाहरुको कार्यविधि बनाई, योग्यता निर्धारण गरी सेवामा परिमार्जन गरी सेवा विस्तार गरिनेछ।

७. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

८. स्वास्थ सीमान्तकृत, गरिब तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बिमा गरिनेछ।

९. स्वास्थ चौकीहरुमा ल्याब सेवा प्रभावकारी बनाउने व्यवस्था गरिनेछ।

१०. **" सुत्केरी आमा सँग उपाध्यक्ष कोसेली कार्यक्रम "** लाई निरन्तरता दिदै स्वास्थ्य संस्था र वर्थिङ्ग सेन्टरमा नियमित गर्भजाँच र प्रसुती गराउने आमालाई एकमुष्ट रु २००० नगद प्रदान गरिने छ।

११. सुत्केरी महिला र दुर्घटनामा परेका विरामीलाई एम्बुलेन्स सेवा निःशुल्क गरिनेछ ।

१२. महिला स्वास्थ्य स्वयंसेविकालाई थप प्रोत्साहन गर्ने गरी सुत्केरीलाई स्वास्थ्य संस्था सम्म पुगाई डेलिभरी गराए वापत रु. ५०० थप प्रदान गरिनेछ ।

१३. ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुलाई ६/६ महिनामा घरमै गएर स्वास्थ्य चेकजाँच गरिने छ ।

१४. स्वास्थ्य संस्थामा नियमित गर्भ चेक जाँच गराएमा गर्भवति महिलालाई २ पाकेट आयोडिन युक्त नुन उपलब्ध गराईनेछ ।

१५. यस स्वामीकार्तिक खापर गाउँपालिका बासीको उपचारका लागि ललितपुरको HRDC , बयालपाटा अस्पताल अछाम, जिल्ला अस्पताल बाजुरा, प्राथमिक स्वास्थ्य केन्द्र कोल्टी लगायत देशका अन्य स्वास्थ्य संस्था सँग साँझेदारी, समन्वय र सहयोग गर्ने नीति लिईनेछ ।

## ग. खानेपानी, सिँचाई तथा सरसफाई

१. खानेपानीको समस्याको तत्कालिन, अल्पकालिन र दीर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरुको खोजी तथा योजना तयार गरी खानेपानीको उपलब्ध तथा वितरणको व्यवस्था मिलाइने छ ।

२. एक घर, एक धारा र एक शौचालयको नीति लिईएको छ ।

३. गाउँपालिका भित्र रहेका पानीका मुलहरु, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण गर्ने नीति लिईनेछ ।

४. **'कृषिको आधार, सिंचाइमा सुधार'** अभियानलाई सार्थक बनाउन गाउँपालिका भित्रका सिचाई आयोजनाहरुको मर्मत सम्भार, सञ्चालन तथा व्यवस्थापनमा उपभोक्तालाई जिम्मेवार बनाउने नीति लिइनेछ ।

## घ. संस्कृति

१. गाउँपालिका भित्र विद्यमान रहेका विविध जातीय भेषभुषा, रहन सहन, कला साहित्य, संगित लोक भाकाहरुको संरक्षण र प्रवर्द्धन गर्ने नीति लिइनेछ।

२. यस गाउँपालिकाको प्राचीन मानव जनजीवन दर्शाउने भेषभुषा र प्राचिन सभ्यता झल्किने पुरातात्विक वस्तुहरुको संरक्षण गर्ने नीति लिईने छ ।

३. प्रमुख देवस्थलहरुलाई धार्मिक पर्यटकीय स्थलको रुपमा विकास गरिने नीति लिइने छ।

## ङ. युवा तथा खेलकुद

१. खेलकुदको विकास गर्न विद्यालयका खेल मैदानलाइ स्तरउन्नति गरिनुका साथै पालिका स्तरीय खेलकुद मैदान निर्माणमा पहल गरिने छ ।

२. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुन विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ ।साथै जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी भई यस गाउँपालिका अन्तर्गतका विद्यालयका खेलाडीहरुले प्रथम स्थान हाँसिल गरेमा जनही रु. १०,००० पुरस्कारबाट पुरस्कृत गरिनेछ ।

३. खेलकुद क्षेत्रको विकासका लागि खेलकुद समिति गठन गरी गाउँपालिका स्तरीय **अध्यक्ष कप** प्रतियोगिता संचालन गरिनेछ ।

४. खेलकुद क्षेत्रलाइ थप प्रोत्साहन गर्न पुरस्कार राशीको स्थापना गर्ने नीति लिइनेछ ।

५. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवद्ध गरिनेछ।

६. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "**विदेश हैन बिजनेस**" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

७. युवा बेरोजगारी न्यूनीकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

८. विपन्न, गरिब परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

९. यस स्वामीकार्तिक खापर गाउँपालिका अन्तर्गत मुक्तिकोट वस्तीको बेरोजगारी, कुपोषण र भोकमारीलाई न्यूनिकरण गर्न "**अध्यक्ष रोजगार कार्यक्रम**" केन्द्रित गरि लागु गरिनेछ।

१०. गाउँपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य गरिनेछ।

## च. लैङ्गिक समानता र सामाजिक समावेशीकरण

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

३. ऐतिहासिक कालदेखि दलित तथा सिल्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।

४. अपाङ्गता भएका व्यक्तिहरु तथ्याङ्क संकलन गरी संघीय कार्यविधिले समेट्न नसकेको अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क संकलन गरी आबश्यक भत्ताको व्यवस्था गरिनेछ।
५. हिंसा पिडित महिला तथा बालबालिकाको लागि संकट व्यवस्थापन केन्द्र स्थापना गरिनेछ।
६. **“हिंसा मुक्त गाउँपालिकाको अभियान हाम्रो पहिचान”** अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शून्य सहनशिलताको नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।
७. महिला उद्यमशीलता विकासका लागि महिलाद्वारा प्रवर्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटका साथै थप सहुलियत अनुदान दिने व्यवस्था मिलाईनेछ ।
८. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।
९. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।
१०. गाउँपालिका बालमैत्री घोषणा हुन बाँकी सबै वडाहरुलाई आ. व. २०८०/८१ भित्र बालमैत्रि वडा घोषणा गर्ने कार्य सम्पन्न गरिनेछ।

## ४. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. स्थानीय आर्थिक विकासलाई योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन ।
२. नव प्रवर्तन र उद्यमशीलता प्रवर्धन गर्न **स्टार्टअप इकोसिष्टम**को विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ । यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्द्धन र विशिष्टिकृत वस्तुको उत्पादन तथा बजारीकरण समेटिने छन ।

### क. कृषि तथा पशुपंक्षी

१. फलफूल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।
२. कृषि व्यवसायका लागि तरकारी पकेट स्थापना र कृषक भ्रमणको नीति लिईनेछ।
३. **'एक घर एक दुहुनु गाई'** हुने अवधारणा लिदै स्थानीय स्तरमा उत्पादन हुने दुधलाई बजारकरण गर्न डेरीजन्य उत्पादनलाई प्रोत्साहान गर्ने नीति लिईनेछ ।
४. पशुपंछी फर्म स्थापना गरी व्यावसायिक तरिकाले लाग्ने युवा व्यावसायीलाई अनुदान सहयोग गर्ने नीति लिईनेछ ।

५. गाउँ घरमा उत्पादित सम्पूर्ण कृषि उपजहरु खरिद गरी विक्रि वितरण गर्ने प्रवन्ध मिलाईनेछ।
६. **'स्थानीय सरकार, कृषको सहयोगी'** भन्ने नाराका साथ रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ। गाउँपालिकामा भ्रमण गर्ने आन्तरिक तथा बाह्य पर्यटकहरुलाई स्थानीय परिकारहरुको ब्राण्ड तयार गरि सुपत खाना उपलब्ध गराइनेछ।
७. यस गाउँपालिकामा संचालन रहेका स्याउ तथा ओखर लगाएत बिभिन्न फलफूलको विरुवा उत्पादन गर्ने नर्सरीलाई प्रोत्साहित गरिनेछ ।
८. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।
९. गाउँपालिकामा उत्पादित कृषि सामाग्री भण्डारण र वितरण गर्ने गोदाम निर्माण गरिनेछ ।
१०. भेडा फर्मलाई आगामी आ.व. मा पनि निरन्तरता दिईनेछ ।
११. योगदानमा आधारित कृषिपेन्सन योजना लागु गरिनेछ।
१२. यस गाउँपालिकाको कृषि उत्पादनलाई प्रवर्धन र बजारीकरण गर्न कृषि एम्बुलेन्स प्रयोगमा ल्याईनेछ ।
१३. स्थानीय खाद्य उत्पादन संकलन तथा विक्रि वितरण गर्नका लागि कोसेली घरको स्थापना गरिनेछ ।

**ख. उद्योग तथा पर्यटन**

१. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी प्रभावकारी बनाइनेछ ।
२. पर्यटकीय स्थल र भाषा संस्कृतिको जगेर्ना गर्न एकिकृत तथ्याङ्क संकलन गरिनेछ ।
३. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।
४. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु सडक सञ्जालमा जोड्न सम्भावित सडकको अध्ययन गरिनेछ।
५. गाउँपालिका भित्र बसोवास गर्ने बिभिन्न जातजातिको परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।
६. मुख्य स्थान चोक र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न होडिङबोर्ड लगायत सामाग्री राखिनेछ।
७. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री, ब्रोशरहरु निर्माण गरी प्रसारण र वितरण गरिनेछ।

८. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिकासँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

**ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

१. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विउपुँजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र बार्षिक उत्पादनका आधारमा अनुदान दिने नीति लिइने छ।
२. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।
३. कृषि लगायत विषयगत सहकारीलाई सो क्षेत्रमा केन्द्रित भई लगानी गर्ने सहकारीलाई प्राथमिकता दिईनेछ ।

## ५. भौतिक पूर्वाधार विकास (शहरी योजना ,बस्ति विकास ,आवास तथा पूर्वाधार)

१. आवधिक योजना, आवास योजना, र बस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
२. गाउँपालिकाको भू-उपयोग क्षेत्र निर्धारण गरी बस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा बस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।
३. दीर्घकालिन लगानी, भौतिक पूर्वाधारसँगै गाउँपालिकाको सर्वपक्षीय विकासका लागि चार बर्षिय गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।
४. आवासको हकलाइ सुनिश्चत गर्न सुरक्षित तथा रोजगारीको समेत ब्यवस्था हुन सक्ने स्थानमा जग्गा प्राप्त गरी सहुलियत आवास योजना कार्यान्वयन गरिनेछ । यसका लागि निजीक्षेत्र संग साझेदारी समेत गर्न सकिनेछ ।
५. गाउँपालिका भित्र भू-उपयोगको नीति लागु गर्दै यसै आ.ब. बाट जग्गा बर्गिकरण गरिनेछ ।
६. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।
७. **"एक घर - एक वृक्षारोपण"** कार्यक्रमको नीति लिइनेछ।
८. गाउँपालिकाको सिमाना एकिन गरी गाउँपालिका सिमानामा कलात्मक तथा गाउँपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिने छ।
९. गाउँपालिकाको केन्द्र देखि वडा नं. ३ स्थित भैरबनाथ सम्मको ११ कि.मि. सडकलाई यसै आर्थिक वर्षमा ग्रावेल सडकमा स्तरोन्नति गरिनेछ ।साथै गाउँपालिकाको केन्द्र देखि वडा

नं. ४ हुदै वडा नं. ५ वडा कार्यालय सम्म यसै आर्थिक वर्षमा ग्रावेल गरी सडक स्तरोन्नति गरिनेछ ।

१०. गाउँपालिकाको केन्द्र देखि वडा नं. १ हुदै वडा नं. २ को माझगाउँ सम्मको कर्णाली छालको सडक खण्ड र भुकाहाँ देखि वडा नं. २ को फयालगाउँ सम्म सडक खण्ड लाई यसै आर्थिक वर्षमा **ट्र्याक ओपन** गरिनेछ ।

११. प्रभावकारी सम्पति ब्यवस्थापनका लागि सम्पति ब्यवस्था सूचना प्रणाली (Asset Management Information System) तयार गरी लागु गरिनेछ ।

१२. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

१३. २०७९ असोजमा परेको अविरल वर्षाका कारण पहिरो र बाढीले भत्काएका संरचनाहरु (सडक, कुलो, खानेपानी लगायतका  आयोजनाहरु मर्मत सम्भार गरि छिटो भन्दा छिटो संचालनमा ल्याइनेछ ।

## ६. न्याय ,कानुन तथा मानव अधिकार प्रवर्द्धन

१. गाउँपालिकाबाट जारी गरिएका कानुनहरु समयानुकुल परिमार्जन गरिनेछ।

२. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानुनहरुको प्रबन्ध मिलाइनेछ।

३. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

४. गाउँसभाबाट हालसम्म निर्माण भएका ऐन कानुनहरुलाई संग्रहित गरी स्थानीय कानुन संग्रह प्रकाशन गरिनेछ।

५. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानुन तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

६. गाउँपालिकालाई आबश्यक पर्ने विषयगत कानुनहरु निर्माण गरी कार्यान्वयन गर्न मेलमिलाप कर्तालाई थप सक्रिय गरिनेछ ।

## ७. संस्थागत विकास तथा सुशासन

१. गाउँपालिकामा कार्यरत कर्मचारीको कार्य विवरण तयार गरी लागु गरिनेछ ।

२. स्थानीय तहले आ.ब. २०८०।०८१ मा तर्जुमा गरेका योजना तथा कार्यक्रमहरु कार्यान्वय गर्न बार्षिक कार्ययोजना बनाई लागु गरिनेछ ।

३. कर्मचारीहरुलाई विषयगत क्षमता अभिबृद्धि हुने तालिम र कार्यसम्पादनका आधारमा दण्ड तथा पुरष्कृत गर्ने निति अबलम्बन गरिनेछ ।

४. गाउँपालिका भित्र रहेका स्रोत साधन ,सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय ,सामाजिक आर्थिक अवस्था ,रोजगारीको अवस्था सहितका विवरणहरु समावेश भएको विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) निर्माण गरिनेछ।
५. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।
६. प्रत्येक ६/६ महिनामा गाउँपालिका स्तर तथा वडा स्तरमा सार्वजनिक सुनुवाई गरिनेछ ।
७. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
८. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सिप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।
९. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शून्य सहनशीलताको नीति अख्तियार गरिनेछ ।सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिनेछ ।
१०. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।
**११. भोकै रहेकालाई एक छाक मिठो खान भन्दा जीवनभर बाच्न पुग्ने सिप सिकाउन नीति अवलम्बन गरिनेछ ।**
१२. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइनेछ।
१३. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।
१४. यस गाउँपालिकामा भित्र कार्यरत कर्मचारीमध्येबाट नियमित, सेवामैत्री व्यवहार, निष्पक्षता, कार्यतत्परता, अनुशासित र लगनशीलताका आधारमा उत्कृष्ट एक पुरुष र एक महिला कर्मचारीलाई नगद रु. १५००० सहित सम्मान गरिनेछ ।
१५. आगामि आर्थिक बर्षमा गाउँपालिका भित्र स्वास्थ्य, पशु, कृषि र पञ्जिकरण सम्बन्धी शिविर सञ्चालन गरिनेछ ।

## ८. वन ,वातावारण ,जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको क्षमता बढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृध्दि गर्ने

२. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।
३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ ।
४. ढुंगा गिट्टि, बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।
५. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनरुत्थान कार्यक्रमहरु संचालन गरिनेछ।
६. **'हरियो बन स्वामीकार्तिकको धन'** भन्ने मुल नाराका साथ सुक्खा डाँडाकाडामा हरियाली बनाउन बृक्षारोपण कार्यक्रमको निति ल्याइनेछ ।
७. स्थानीय विपद प्रतिकार्य योजना निर्माण गरिनेछ ।
८. यस स्वामीकार्तिक खपार गाउँपालिका विपद जोखिममा उच्च भएकोले विपदका कारण हुने धनजनको क्षति लाई न्यूनिकरण गर्न गाउँपालिकामा एक स्थानीय आपतकालिन केन्द्र र जनसक्तिको ब्यवस्था गरिनेछ ।

## ९. सूचना तथा संचार

१. पत्रकार महासंघको सहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार संस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने , गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।
२. स्थानीय रेडियो वा टेलिभिजन, एफ.एम. सँगको सहकार्यमा सञ्चालित **"हाम्रो गाउँपालिका"** कार्यक्रम प्रसारण सञ्चालन गरिनेछ ।
३. यस गाउँपालिकामा दक्ष तथा सक्षम पत्रकार उत्पादन गर्न पत्राकरिता सम्बन्धी तालिम संचालन गर्ने नीति गरिनेछ।
४. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।
५. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाइनेछ।
६. गाउँपालिका विषयमा धार्मिक, सांस्कृतिक मानव जनजीवनका विषयवस्तुमा खोजपत्रकारीताका लेखहरु लेख्ने पत्रकारलाई पुरस्कृत गरिनेछ ।

## १०. राजस्व तथा आन्तरिक श्रोत परिचालन

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

३. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

४. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानुनका कारण र उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ।

५. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

**अन्तमा ,**

यस स्वामीकार्तिक खापर गाउँपालिकाले लिएका नीति तथा कार्यक्रमलाई सफल पार्न सम्बद्ध सबै पक्षबाट आवश्यक सहयोग गरिदिनु हुनेछ भन्ने विश्वास लिएको छु ।

**धन्यवाद, नमस्ते ।**

**प्रमाणित गर्ने**
**भरत बहादुर रोकाया**
**गाउँपालिका अध्यक्ष**
**स्वामीकार्तिक खापर गाउँपालिका**
**मिति : २०८०।०३।१० गते**